कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

# सवारी दुर्घटना सम्बन्धी विज्ञप्ति

मिति २०८२।०८।२० गते पृथ्वी राजमार्ग अन्तर्गत धादिङ धुनिबेसी-०६ चालिसेमा करिब ७ वटा सवारी साधनहरु एक-आपसमा ठोक्किएर भएको सडक दुर्घटनामा यस कालिका नगरपालिका वडा नं.६ स्थित श्री मा.वि रेडक्रसग्राम विद्यालयको शैक्षिक तथा अवलोकन भ्रमण गरी काठमाण्डौंबाट फर्किदै गर्दा ४३ जना विद्यार्थी, ४ जना शिक्षक र १ जना ड्राइभर गरि जम्मा ४८ जना सवार बा.प्र ०६-००१ ग ००११ नम्बरको स्कुल बस दुर्घटनामा यस कालिका नगरपालिकाको ध्यान आकृष्ट भएको छ। जसमा उक्त विद्यालयका २ जना विद्यार्थी श्री राधिका चेपाङ र अश्विन चेपाङलाई उपचारका लागि काठमाण्डौं ट्रमा सेन्टरमा लगिएको थियो, हाल उहाँहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ। बाँकी विद्यार्थी तथा शिक्षकहरुको स्वास्थ्य अवस्थामा कुनै खराबी नदेखिएका कारण कालिका नगरपालिकाको एम्बुलेन्स र गाडी प्रयोग गरि सोही दिन सुरक्षित तवरले आ-आफ्नो घर समेत पुर्‍याइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

यस दु:खद दुर्घटनामा परी घाइते भएका सम्पूर्ण विद्यार्थी, शिक्षक तथा अन्य नागरिकहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उद्धार तथा प्रतिकार्यमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मिति: २०८२।०८।२१

.............................
प्रकाशचन्द्र पौडेल
(सूचना अधिकारी)
शाखा अधिकृत